## १. परिचय

नेपाल सरकार र कृषि विकासका लागि अन्तराष्ट्रिय कोष(IFAD) बिच सम्झौता भई १० डिसेम्बर सन् २०१५मा तात्कालिन उद्योग मन्त्रालय हालको (उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय) अन्तर्गत ७ वर्षका लागि ग्रामीण उद्यम तथा विप्रेषण आयोजना(समृद्धि) कार्यान्वयनमा आएको हो।

आयोजनाको व्यवस्थापन कार्यालय हाल प्रदेश १ को ईटहरी,सुनसरीमा रहेको छ।

आयोजनाले प्रदेश १ अन्तर्गतका ८ जिल्ला- मोरङ, सुनसरी, धनकुटा, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, खोटाङ, उदयपुरका लागि प्रदेश १ स्तरीय करिडोर कार्यालय रहेको;

प्रदेश २ अन्तर्गतका ७ जिल्ला- सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बारा तथा प्रदेश ३ को एकमात्र सिन्धुली जिल्ला सहित जम्मा ८ जिल्लाका लागि प्रदेश २ को करिडोर कार्यालयबाट व्यवस्थापकिय सेवा प्रदान गर्ने छ।

यस आयोजनाको कूल बजेट परिमार्जन गरिएको दस्तावेज अनुसार २३.२३ मिलियन अमेरिकी डलर रहेको छ। नेपाल उद्योग वाणिज्य महासङ्घ अन्तर्गत रहेको कृषि उद्यम केन्द्र, स्वीस विकास नियोगको (हेल्भटास नेपाल) आयोजनाका मुख्य मध्येका साझेदार सेवा प्रदायक निकायहरु हुन्।

## २. आयोजनाको कार्यान्वयन

**आयोजनाको नेतृत्व :** उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**आयोजना सम्झौता भएको मिती:** १० डिसेम्बर, सन् २०१५
**आयोजनालाई परिष्कृत गरी कार्यान्वयन शुरु:** सन् २०१७ नोभेम्वर देखि सन् २०२२ सम्म(५ वर्षका लागि)

## ३. आयोजनाको लक्ष्य

गरिबी न्युनिकरण तथा देशमा दिगो शान्ति हाँसिल गर्नका लागि रोजगारीका अवसर सिर्जना गरी समतामूलक तथा समावेशी आर्थिक विकास गर्ने।

## ४. आयोजनाको उद्देश्य

कृषि तथा गैरकृषि क्षेत्रमा आय आर्जन सम्बन्धि क्रियाकलापहरु गर्न सम्भाव्य लघु, घरेलु तथा साना उद्यम प्रवर्द्धन गर्ने तथा ग्रामीण गरिब घर परिवार, आप्रवासी घर परिवार र आप्रवासनबाट फिर्ता भएकाहरुका लागि दिगो आर्जनको श्रोत प्रदान गर्ने।

## ५. आयोजनाका मुख्य क्रियाकलापहरु

१. ग्रामीण क्षेत्रमा लघु, साना तथा मझौला उद्यम प्रवर्द्धन गर्न साना किसान तथा उत्पादकका लागि रोजगारीका अवसर सिर्जना, कृषि तथा गैरकृषि क्षेत्रमा ग्रामीण स्तरका आयआर्जन सम्बन्धि क्रियाकलापहरु गरि क्लष्टरहरुको सवलीकरण गर्ने ।

२. आपूर्ति श्रृङ्खलाको विकासद्धारा बजार सम्मको पहुँच विस्तार गर्ने ।

३. आयोजनाले ग्रामीण क्षेत्रमा कार्यरत वित्तीय संस्थाहरुको पहिचान तथा सहकारी संस्थाहरुको क्षमता विकास गरेर ग्रामीण स्तरका जनतालाई वित्तीय समावेशीकरणको मूलधारमा ल्याइने ।

४. ग्रामीण घरपरिवार, वैदेशिक रोजगारीबाट फर्किएका, आप्रवासि परिवार र बेरोजगार युवालाई स्वरोजगारी र आयआर्जनमा वृद्धि गराउन व्यवसायिक तालिम तथा औद्योगिक प्रशिक्षणद्धारा मर्यादित रोजगारी सृजना गर्ने।

५. आप्रवासि तथा तिनका घरपरिवारले विप्रेषणद्धारा आर्जन गरेका आम्दानीलाई उत्पादनशिल क्षेत्रमा सदुपयोग गर्ने ।

६. स्थानीय तहमा आप्रवासन श्रोत केन्द्र र आप्रवासन सूचना कक्ष सञ्चालन गरी स्थानीय तहमा आप्रवासन सेवा दिगो र प्रभावकारी बनाउन सहयोग गर्ने ।

७. बैदेशिक रोजगारलाई सुरक्षित उपलब्धिमूलक तथा मर्यादित बनाउन स्थानीय तह र प्रदेशमा आवश्यक नीति तथा रणनीति निर्माणका लागि उपयुक्त वातावरण बनाउने ।

## ६. लक्षित वर्ग

१. आयोजनाबाट २,००,००० जना प्रत्यक्ष लाभान्वित हुने छन् ।

२. ८०% लक्षित वर्ग गरिबीको रेखामुनिका उद्यम व्यवसाय गर्न सक्षम नागरिक रहने छन्। जसमध्ये कम्तिमा ५०% महिला, १८-४० वर्ष उमेर समुहका युवा, आप्रवासि तथा वैदेशिक रोजगारबाट फर्केर आएका एवं सामाजिक बहिष्करणमा परेका नागरिक हुने छन् ।

३. १०,००० जनालाई आपूर्ति श्रृङ्खलाको विकासका लागि क्लष्टर सबलीकरणमा समाहित गरिने छ भने जिल्ला र नगर गरी २८ वटा उद्योग वाणिज्य संघहरु र प्रदेश १ र प्रदेश २ का प्रादेशिक उद्योग वाणिज्य संघहरुका क्षमता विकासमा सहजीकरण गर्ने । ।

४. ३०,००० जनालाई सिप मूलक तालिम उपलब्ध गराई रोजगारीमा प्रतिस्थापन गरिने छ।

५. ६०,००० जनालाई वित्तीय शिक्षा तथा व्यापार/व्यवसाय साक्षरता तालिम सञ्चालन गरिनेछ ।
६. सामाजिक परिचालनको गतिविधिमा १००० जना उच्च जोखिममा रहेका वयक्तिलाई प्रत्यक्ष सल्लाह सेवा उपलव्ध गराई आर्थिक अवसरसँगै सामाजिक समस्याहरुलाई पनि सम्बोधन गरिनेछ।

## ७. आयोजनाका सम्भागहरु

# सम्भाग १: ग्रामीण लघु -घरेलु तथा साना उद्यम तथा रोजगार प्रवर्द्धन

सह- सम्भाग १.१ आपूर्ति श्रृङ्खलाको विकास(Supply Chain Development)
उद्यम प्रवर्द्धन, साना किसान तथा उत्पादकका लागि रोजगारीका अवसर सिर्जना, कृषि तथा गैरकृषि क्षेत्रमा ग्रामीण स्तरका आय आर्जन सम्वन्धि कृयाकलापहरु प्रवर्द्धन गरी क्लष्टर निर्माण गरिन्छ। पहिलो चरणका लागि “समृद्धि कोष” मार्फत आपूर्ति श्रृङ्खलाको विकासमा सहयोग पुर्याइने छ।

करिडोर नक्साङ्कनको आधारमा जम्मा १४ उच्च बजार मागका वस्तुहरु सूचिकृत गरिएको छ। जस्मा आयोजनाले हरियो तरकारी, माछा , दुध, वाख्रा र सुगन्धित जडिबुटी जन्य वस्तुहरुको आपूर्ती श्रृङ्खलालाई कार्यान्वयन गर्नेछ ।

**सह-सम्भाग १.२ घरेलु -लघु,साना तथा मझौला उद्यम RMSEs विकास ( कृषि उद्मम केन्द्र मार्फत)**यस सह-सम्भाग अन्तर्गत जिल्ला/नगर उद्योग वाणिज्य सङ्घहरुको क्षमता अभिवृद्धि गरिन्छ। आयोजनाले २ वटा प्रदेश तथा २८ वटा जिल्ला/नगरका निम्न उद्योग वाणिज्य सङ्घहरुको क्षमता अभिवृद्धि गर्नेछ।

| सि. नं | उद्योग वाणिज्य संघको नाम | जिल्ला | प्रदेश |
|---|---|---|---|
| १ | प्रदेश १ उद्योग वाणिज्य सङ्घ | मोरङ | १ |
| २ | उद्योग संगठन मोरङ | मोरङ | १ |
| ३ | मोरङ व्यापार संघ | | १ |
| ४ | सुन्दर दुलारी उद्योग वाणिज्य सङ्घ गछिया | | १ |
| ५ | उर्लावारी उद्योग वाणिज्य सङ्घ | | १ |
| ६ | उद्योग वाणिज्य सङ्घ, इनरुवा | सुनसरी | १ |
| ७ | उद्योग वाणिज्य सङ्घ, ईटहरी | | १ |
| ८ | सुनसरी उद्योग वाणिज्य सङ्घ, धरान | | १ |
| ९ | धनकुटा, उद्योग वाणिज्य सङ्घ | धनकुटा | १ |
| १० | तेह्रथुम, उद्योग वाणिज्य सङ्घ, म्याङलुङ | तेह्रथुम | १ |
| ११ | भोजपुर, उद्योग वाणिज्य सङ्घ | भोजपुर | १ |
| १२ | खोटाङ, उद्योग वाणिज्य सङ्घ, दिक्तेल | खोटाङ | १ |
| १३ | त्रियुगा, उद्योग वाणिज्य सङ्घ त्रियुगा, गाईघाट | उदयपुर | १ |
| १४ | उदयपुर उद्योग वाणिज्य सङ्घ, कटारि बजार | | १ |
| १५ | ओखलढुंगा उद्योग वाणिज्य सङ्घ, ओखलढंगा बजार | ओखलढुङ्गा | १ |
| १६ | सप्तरी उद्योग वाणिज्य सङ्घ,राजविराज | सप्तरी | २ |
| १७ | लहान उद्योग वाणिज्य सङ्घ | सिरहा | २ |
| १८ | रामनगर मिर्चैया उद्योग वाणिज्य सङ्घ, मिर्चैया | | २ |
| १९ | सिरहा उद्योग वाणिज्य सङ्घ, सिराहा | | २ |
| २० | प्रदेश २ उद्योग वाणिज्य सङ्घ, जनकपुर | धनुषा | २ |
| २१ | जनकपुर उद्योग वाणिज्य सङ्घ | धनुषा | २ |
| २२ | सबिला उद्योग वाणिज्य सङ्घ | | २ |
| २३ | गौशाला उद्योग वाणिज्य सङ्घ, गौशाला बजार | महोत्तरी | २ |
| २४ | जलेश्वर उद्योग वाणिज्य सङ्घ, जलेश्वर | | २ |
| २५ | महोत्तरी उद्योग वाणिज्य सङ्घ, मटाहिनि | | २ |
| २६ | बर्दिबास उद्योग वाणिज्य सङ्घ, बर्दिबास | | २ |
| २७ | उद्योग वाणिज्य सङ्घ, मलङ्गवा | सर्लाही | २ |
| २८ | रौतहट उद्योग वाणिज्य सङ्घ, गौर | रौतहट | २ |
| २९ | उद्योग वाणिज्य सङ्घ, बारा | बारा | २ |
| ३० | सिन्धुली उद्योग वाणिज्य सङ्घ, कमलामाई नगरपालिका | सिन्धुली | २ |

**सह-सम्भाग १.३ मर्यादित रोजगार (हेल्भटास नेपाल मार्फत)**

श्रम बजारको माग बमोजिमका व्यवसायिक सिप मुलक तालिम र औद्योगिक प्रशिक्षार्थी तालिमका माध्यमबाट सिपयुक्त जनशक्ति उत्पादन गरि स्थानीय स्तरमा सीपमा आधारित साना तथा मझौला उद्यम मार्फत युवाहरुका लागि स्वरोजगार एवम् रोजगार सिर्जना गर्न;

१. नीजिस्तरमा सञ्चालित तालिम तथा रोजगार प्रदायक संस्था मार्फत छोटो अवधिका बजारोन्मुख प्राविधिक एवम व्यावसायिक तालिम सञ्चालन गरि युवाहरूलाई रोजगारमा लगाउने।

२. नीजिस्तरमा सञ्चालित ठूला तथा मझौला उद्योगहरुलाई आवश्यक पर्ने जनशक्ति औद्योगिक प्रशिक्षार्थी तालिमका माध्यमबाट उद्योगिहरु आफैँले आयोजना मार्फत दक्ष जनशक्ति विकास गरि रोजगारीमा लगाइने।

**सह सम्भाग - १.४ आर्थिक परिचालन तथा सामाजिक सल्लाह**

आयोजनाका लक्षित लाभग्राहीलाई प्रभावकारी रुपमा समावेशी बनाई आर्थिक गतिविधिमा प्रोत्साहन गर्ने उद्देश्य समावेशीकरण तथा परिचालन अन्तर्गत रहेको छ। यसमा प्राथमिकीकरण गरिएका पालिकाहरुमात्र रहने छन्। यस अन्तर्गत आयोजनाको उद्धेश्य अनुरुप लक्षित वर्गमा समावेशि प्रतिफल प्राप्त गर्नको निम्ति आयोजनाको प्राथमिकतामा परेका स्थानिय निकायहरुमा सम्भाग १ को तीनवटा आर्थिक कृयाकलापलाई समुदायमा सुशुचित गर्ने र आपूर्ति श्रृङ्खलामा समाहित भएका उत्पादक र उत्पादक समुहहरुलाई नियमित कोचिङ र निरिक्षण गर्ने गरिन्छ । त्यसै गरी लैङ्गिक कार्य सिकाई बिधि (Gender Action Learning System-GALS) को माध्यमबाट, १००० घरधुरीलाई पारिवारिक सपना र यसलाई पुरा गर्नका निम्ति चाहिने योजनाहरुको खाका कोर्ने जस्ता परामर्श प्रदान गरिनेछ ।

## सम्भाग २: उत्पादन मूलक लगानी

**सह सम्भाग २.१: ग्रामीण वित्त**

ग्रामीण स्तरमा रहेका सेवाग्राहीहरुलाई सहज वित्तीय पहुँच पुऱ्याउन प्राथमिकतामा राखिएका पालिकाहरुमा रहेका वित्तीय संस्थाहरुको क्षमता विकास गर्ने तथा दिगो रुपमा सुलभ मूल्यमा वित्तीय श्रोतमा पहुँच पुऱ्याउन स्थानीय स्तरका संस्थाहरु ठूला संस्थाहरुसँग सहकार्य गर्ने वातावरण सिर्जना गरिनेछ ।

-राष्ट्रियस्तरका वित्तीय संस्थाहरुको सेवा विस्तार तथा उपयुक्त वित्तीय साधन विकासमा सहयोग गर्ने ।

- समुदाय तथा आप्रवासि कामदार तथा उनका परिवारका सदस्यहरुलाई लक्षित गरी करिब ५०,००० जनालाई वित्तीय शिक्षा तथा व्यापार/व्यवसाय साक्षरता तालिम सञ्चालन गरिनेछ ।

**२.२ आप्रवासिको क्षमता तथा स्रोत परिचालन**

नेपाली अर्थतन्त्रमा आप्रवासनबाट अधिकतम लाभ लिन आप्रवासन सम्बन्धी नीति नियम र रणनीति बनाई आप्रवासि परिवारलाई थप टेवा पुर्याउने उद्देश्यले दिगो तथा प्रभावकारी आप्रवासन सेवा प्रदान गर्ने । यस अन्तर्गत निम्न लिखित सेवाहरु प्रवाह गरिन्छ :–

१. सूचना तथा परामर्श प्रदान गर्ने

२. सचेतना तथा क्षमता अभिवृद्धि गर्ने

३. आप्रवासन तथा विकास मञ्च (Platform on Migration and Development) संचालन गर्ने

आयोजनाले आफ्नो कार्यक्षेत्रमा निम्न संख्याका आप्रवासन स्रोत तथा सूचना केन्द्रहरु संचालन गर्ने छ :-

आप्रवासन स्रोत केन्द्र =४ वटा

आप्रवासन सूचना कक्ष = १० वटा

जसवाट ११०००० जनाले सुरक्षित आप्रवासन सम्वन्धि सुचना तथा परामर्श पाउने छन् ।

**आप्रवासी श्रोत केन्द्र र सूचना कक्षको अवस्थिति**

| **आप्रवासी सूचना कक्ष १०(स्थान)** | **प्रदेश १** | **प्रदेश २** |
|---|---|---|
| | सिद्धिचरण नगरपालिका (जिल्ला प्रशासन कार्यालय), ओखलढुंगा | चन्द्रपुर नगरपालिका (ईलाका प्रशासन कार्यालय), रौतहट |
| | चौबिसे गाउंपालिका (राजारानी ईलाका प्रशासन कार्यालय), धनकुटा | गरुडा नगरपालिका (गरुडा ईलाका प्रशासन कार्यालय), रौतहट |
| | षडानन्द नगरपालिका (दिङ्गला ईलाका प्रशासन कार्यालय), भोजपुर | जितपुरसिमरा उप-महानगरपालिका (सिमरा ईलाका प्रशासन कार्यालय), बारा |
| | म्याङ्लुङ नगरपालिका((जिल्ला प्रशासन कार्यालय), तेह्रथुम | कोल्हवी नगरपालिका (कोल्हवी ईलाका प्रशासन कार्यालय ),बारा |
| | आठराई गाउंपालिका, संक्रन्ति बजार ईलाका प्रशासन कार्यालय), तेह्रथुम | सिम्रौनगढ नगरपालिका (सिम्रौनगढ ईलाका प्रशासन कार्यालय), बारा |
| **आप्रवासी स्रोत केन्द्र ४ (स्थान)** | धनकुटा नगरपालिका (जिल्ला प्रशासन कार्यालय), धनकुटा | कलैया उप-महानगरपालिका(जिल्ला प्रशासन कार्यालय), बारा |
| | भोजपुर  नगरपालिका (जिल्ला प्रशासन कार्यालय), भोजपुर | गौर नगरपालिका  (जिल्ला प्रशासन कार्यालय), रौतहट |

# सम्भाग ३: संस्थागत सहयोग तथा आयोजना व्यवस्थापन

### सह- सम्भाग ३.१ र ३.२  अनुगमन मूल्याङ्कन तथा ज्ञान व्यवस्थापन र आयोजना व्यवस्थापन

अनुगमन मूल्याङ्कन तथा ज्ञान व्यवस्थापन टिमको व्यवस्थाबाट  तथ्यमा आधारित भई आयोजना कार्यान्वियनकै दौरानमा अथवा अन्य निकायबाट निरन्तर हुने सिकाई, उत्कृष्ट अभ्यास तथा उपलब्धिलाई व्यापकरुपमा विस्तार गरि आयोजनाको संस्थागत व्यवस्थापनमा सहयोग गरिने छ।

## सम्पर्क ठेगाना

**आयोजना व्यवस्थापन कार्यालय**

ईटहरी, सुनसरी

फोन न ०२५-४७६४७३\४७६४७६

Email: rerpsamriddhi.itahari@gmail.com

RERP Website (rerp.moi.gov.np) तथा **RERP Facebook Page** (Rural Enterprises and Remittances Project)

**# कोसी -सगरमाथा करिडोर कार्यालय**

सिद्धकालि चोक- धरान, सुनसरी
फोन नं ०२५- ५२०७०३

**# जनकपुर करिडोर कार्यालय**

जनकपुरधाम, धनुषा

**# सम्पर्क कार्यालय**

ठाडोढुंगा, सानेपा, ललितपुर
फोन नं ०१-५५३५४८८

## आयोजना कार्यान्वयनका लागी साझेदार संस्थाहरु

HELVETAS
Swiss Intercooperation

कृषि उद्यम केन्द्र
नेपाल उद्योग वाणिज्य महासंघ
Agro Enterprise Centre
Federation of Nepalese Chambers of Commerce and Industry